ओझेलमा नागरिक स्वास्थ्य बीमा

विवेक खड्का/हिटा

दाङ, १५ पुस

दाङको लमहीको प्राथमिक स्वास्थ्य उपचार केन्द्रले कुनै बेला जिल्लामा स्वास्थ्य बीमाको सुरुआत गरेको थियो । केही नागरिकहरूले स्वास्थ्य बीमा पनि गरे । तर जुन संस्थाले स्वास्थ्य बीमा गरेर उपचार रकमको समेत ग्यारेन्टी गरेको थियो, सो संस्थामा एक्सरे सेवासमेत नियमित बन्न सकेको छैन । अन्य विशेषज्ञ स्वास्थ्यको परिकल्पना अझै पनि साकार हुन सकेको छैन ।

त्यो बेला स्वास्थ्य बीमा गर्नेहरू अझै पनि निराश छन्, लमहीको स्वास्थ्य उपचार केन्द्रको स्तरोन्नति हुन नसकेकोमा । निगमनकारी निकाय नै मौनप्रायः रहँदा नागरिक स्वास्थ्य बीमा अहिले ओझेलमा परेको छ । दाङ जिल्ला अझै पनि स्वास्थ्य बीमा कार्यक्रम सबै नागरिकहरूका लागि लागू हुन सकेको छैन । सुगमको रुपमा चिनिने दाङमा स्वास्थ्य बीमा लागू भएको पाँच बर्ष पुग्दा पनि स्वास्थ्य बीमा कार्यक्रम सबै क्षेत्रमा लागू हुन सकेको छैन ।

स्वास्थ्य बीमा लागू नहुँदा बीमाको पहुँचमा नागरिकहरू आउन सकेका छैनन् । जिल्लामा एक दुई जनाले स्वास्थ्य बीमा गरे पनि अन्य नागरिकहरू यसबाट बञ्चित छन् । जिल्लामा बीमा लागू नहुँदा सामान्यदेखि ठूलो उपचार गर्न पनि आफैले रकम खर्च गर्नुपर्ने बाध्यता रहेको छ । छिमेकी जिल्लासँगै नेपालका ६२ जिल्लामा स्वास्थ्य बीमा लागू भइसकेको छ । तर दाङमा भने अझै पनि स्वास्थ्य बीमा लागू हुन सकेको छैन् । स्वास्थ्य बीमा लागू नहुँदा विशेष गरी ज्येष्ठ नागरिकहरू पाएको सेवा पनि उपयोग गर्न सकेका छैनन् । उनीहरूले पनि उपचार गर्दा रकम तिनुपर्ने समस्या छ ।

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क र सामाजिक सुरक्षाको हक प्रदान गरेको छ । राष्ट्रिय स्वस्थ्य नीति २०७६ को प्रत्येक नीतिका प्रमुख रणनीतिअन्तर्गत स्वास्थ्य बीमामार्फत विशेषज्ञ सेवाको सुलभ पहुँच सुनिश्चित गरिनेछ र आधारभूत स्वास्थ्य सेवाले नसमेटेका उपचारात्मक सेवालाई स्वास्थ्य बीमासँग आबद्ध गर्दै सुदृढ गरिँदै लगिनेछ भनिएको छ । तर जिल्लामा स्वास्थ्य बीमा लागू हुन सकेको छैन ।

हाल पाँच जनाको परिवारसम्मलाई एक लाखसम्मको स्वास्थ्य बीमा हुँदै आएको छ । ३५ सय तिरेपछि सो बीमा हुने गरेको छ भने कुनै बिरामी परेमा त्यसबापत करिब एक लाखसम्मको उपचार खर्च नागरिकले पाउने व्यवस्था छ । दाङमा सो लागू नहुँदा नागरिकहरू बीमा सेवाबाट बञ्चित भएका छन् । त्यस्तै ७० बर्षभन्दा माथिकालाई भने राज्यबाट बीमा बोर्डले निःशुल्क बीमा गर्ने भए पनि सो सेवाबाट यहाँका नागरिकहरू बञ्चित छन् । यसले गर्दा उनीहरूले पनि कुनै किसिमको उपचार गर्नुपरे पनि आफैले सो रकम तिर्नुपर्ने अवस्था छ ।

जिल्ला स्वास्थ्य कार्यालय दाङले स्वास्थ्य बीमा लागू हुन नसकेको जनाएको छ । अन्य जिल्लामा स्वास्थ्य बीमा लागू भए पनि जिल्लामा भने हालसम्म स्वास्थ्य बीमा लागू हुन नसकेको जिल्ला स्वास्थ्य प्रमुख अंगदबहादुर शाहीले जानकारी दिनुभयो । उहाँले नेपालका विभिन्न जिल्लामा बीमा लागु भए पनि दाङमा बीमा कार्यक्रम लागु गर्न पहल नभएका कारण बीमा कार्यक्रम लागु हुन नसकेको बताउनुभयो ।

उहाँले यस आर्थिक बर्षमा स्वास्थ्य बीमा लागू गर्न बीमा बोर्डसँग तयारी गरे पनि कोभिडका कारणले कार्यक्रम ल्याउन नसकिएको बताउनुभयो । उहाँले बाँके, जुम्लालगायतका स्थानमा आफू हुँदा पहल गरेर बीमा कार्यक्रम लागू गरेको दाबी गर्दै आउँदो आर्थिक बर्षमा बीमा कार्यक्रम लागू गर्ने बताउनुभयो । 'म भर्खर जिल्लामा आएको छु के-कति कारणले बीमा कार्यक्रम लागू हुन सकेन मलाई जानकारी भएन तर अब म त्यसैमा लागेको छु', शाहीले भन्नुभयो । उहाँले बीमा कार्यक्रम लागू भएपछि नागरिकलाई सहज हुने समेत बताउनुभयो । 'सायद मेरै पालमा यहाँ पनि यो कार्यक्रम लागू हुन्छ केही समयमा' उहाँले भन्नुभयो । हाल जिल्लामा बीमा कार्यक्रम लागू नहुँदा आफूहरूले एक लाखसम्मको निःशुल्क उपचार सेवाबाट बञ्चित हुनुपरेको ज्येष्ठ नागरिक नारायण केसीले गुनासो गर्नुभयो ।

कोभिड प्रभावित कृषकलाई कृषि औजार वितरण

सुशील सुवेदी/हिटा

स्याङ्जा, १५ पुस

स्याङ्जा जिल्ला सुन्तलाको उर्वर भूमि हो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुपर जोनअन्तर्गत करिब १३ सय हेक्टर जमिनमा सुन्तला उत्पादन भएको छ । तर यी बाहेकका करिब १२ सय हेक्टर जमिनमा उत्पादन हुने सुन्तला कृषकलाई प्राविधिक तथा औजार सहयोग खासै हुँदैन ।

यही समस्यालाई मध्यनजर गर्दै वालिङ नगरपालिकाभित्रका सुन्तला तथा कागती खेती गर्दै आएका कृषि सहकारीलाई कृषि औजार वितरण गरिएको छ । उत्पादित बस्तुलाई सुरक्षित तरिकाले टिप्न, कटानी छुटानी, गोडमेल गर्नका लागि कृषि औजार वितरण गरिएको हो ।

वालिङ नगरपालिका र युनडिपीको आर्थिक सहयोग तथा दियालो संस्थाको व्यवस्थापनमा 'कोभिड-१९ उद्धार सामाजिक आर्थिक प्रतिकार्य परियोजना' अन्तर्गत ३० वटा सहकारीलाई औजार वितरण गरिएको दियालो संस्थाका अध्यक्ष कविता गैह्रेले बताउनुभयो । उहाँले भन्नुभयो, 'विश्व महामारी कोभिडसँगै थला परेका कृषकलाई उत्पादनसँग जोड्दै उनीहरूको जीवनस्तर माथि उकास्ने हाम्रो लक्ष्य हो । '

नगरपालिकाभित्रका सुन्तला तथा कागती कृषकले हातले सुन्तला टिप्दा छिटो कुहिने, सुन्तलाको भेट्ना बोटमै रहने जस्तो समस्या निराकरण गर्ने उद्देश्यले विभिन्न ३० समूह तथा सहकारीलाई भ्याङ, सिकेचर र करौती वितरण गरिएको हो ।

कृषि तथा पशुजन्य बस्तुको उत्पादनमा वृद्धि गर्न कृषकलाई प्रोत्साहन स्वरुप बजारको ग्यारेण्टी नगरपालिकाले गरिदिने नगरप्रमुख दिलीप प्रताप खाँणले बताउनुभयो । 'कृषि क्षेत्रमा उत्पादन सकेको गर्नुहोस् । बजारको जिम्मा हामी लिन्छौं,' खाँणको भनाय छ । सहकारीमार्फत वालिङ नगरले बिक्री नभएका कृषि तथा पशुजन्य बस्तु समेत खरिद गर्ने बताउँदै कृषकलाई औजार तथा प्राविधिक सहयोग गर्न पालिका तयार रहेको बताइएको छ ।

ट्रक दुर्घटना हुँदा दुई जनाको मृत्यु, दुई गम्भीर

जनकपुर/हिटा । धनुषामा सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ । अन्य दुई जना गम्भीर घाइते भएका छन् । धनुषाको धनुषाधाम नगरपालिका-९ धारापानी मालटोलस्थित भारतीय ट्रक र ईन्धन बोक्ने नेपाल आयल निगमको ट्यांकर एक आपसमा जुध्दा घटनास्थलमै दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । पूर्व-पश्चिम राजमार्गमा पर्ने मालटोलस्थित घुमाउरो बाटोमा पश्चिमबाट पूर्वतिर जाँदै गरेको ना ४ च ९३१७ नम्बर पिकअप बोलेरोलाई पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको बिआर ०६ जिडी ८८५९ नम्बरको भारतीय ट्रकले ठक्कर दिएको थियो । सोही क्रममा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको को १ ख २३३८ नम्बरको डिजेल बोकेको तेल ट्यांकर भारतीय ट्रकमा ठोक्किएर दुर्घटना भएको ईलाका प्रहरी कार्यालय ढल्केवरले बताएको छ । दुर्घटनामा परी को १ ख २३३८ ट्यांकरका चालक मोरङ विराटनगर महानगरापलिका-४ बस्ने ३६ बर्षीय अर्जुनकुमार मण्डल र भारतीय ट्रक चालक २० वर्षीय रंगीला कुमारको मृत्यु भएको प्रहरीले जनाएको छ । टाउकोमा गम्भीर चोट लागेका अर्जुनकुमार मण्डललाई प्रादेशिक अस्पाल जनकपुर लैजादैं गर्दा बाटोमा मृत्यु भएको हो । दुर्घटनामा ट्यांकरका सह-चालक विराटनगर-४ बस्ने धनराज यादव गम्भीर घाइते हुनुभएको छ । भारतीय ट्रकका अर्का चालक र सहचालकको अवस्था भने गम्भीर रहेको प्रहरीले जनाएको छ ।

युनाईटेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पुतलिसडक, काठमाण्डौ ।

मिति २०७७/०९/१२ गते बसेको संस्थाको सञ्चालक समितिको २१६ औं बैठकको निर्णयअनुसार तेईसौं बार्षिक साधारण सभा देहायका विषयहरु माथि छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयर सदस्य महानुभावज्यूहरु उपस्थितको लागि सादर अनुरोध गर्दछौं ।

मिति : २०७७ साल माघ ३ गते शनिवार ।
समय : दिनको १२:३० बजे ।
स्थान : संस्थाको कार्यालय प्राङ्गण

छलफलका बिषयहरु :

लेखापरीक्षण प्रतिवेदन, लेखा समितिको बार्षिक प्रतिवेदन, बार्षिक प्रगति एवं भावी योजना सहितको प्रतिवेदन, आ.ब. २०७७/०७८ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण, निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि तोक्ने, आ.ब. २०७६/०७७ मा भएका काम कारबाहीहरुको अनुमोदन र विविध ।

अध्यक्ष, संचालक समिति

हकदावीको सूचना

अम्बरी प्रसाद पाण्डेको नाती, **टिका दत्त पाण्डेको** छोरा गण्डकी प्रदेश गोरखा जिल्ला पालुडटार नगरपालिका वडा नम्बर २ मा बस्ने **बाबुराम पाण्डेको** मिति वि. सं. २०७७-०२-१४ गते को दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता ००४०५०१०००८३४८ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भनी आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक आमा **सीता देवी पाण्डे** बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्योहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
शाखा कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : ५०१०१८८, ५०१०१४६, ५०१००९७, ५०१००४२
फ्याक्स नं : ५०१०१४२

लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने गराउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना ।

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकमा सम्पर्क राखी कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फर्छ्यौट गरी गराई लेखिदिएको धितो फुकुवा गरी लैजानको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी/धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ताले समेत यसै सूचना बमोजिम ऋणीलाई कर्जा चुक्ता गर्न लगाउनुहुन वा आफनो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन/निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षण वापत धितो रहेको तपसिल बमोजिमको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै चल अचल सम्पत्ति लगायत जमानतकर्ता समेतको चल अचल सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य प्रकृया अवलम्बन गरी कर्जा असुल उपर गरि लिने र/वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि अड्डा अदालतमा मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण	फोटो	धितो सुरक्षणको विवरण
१.संयुक्त ऋणीको नाम : श्री केदार गिरी तथा श्रीमती स्वेता गौतम गिरी **क. श्री केदार गिरी** (ना.प्र.नं.४३५७९ जिल्ला प्रशासन कार्यालय प्युठान मिति २०६०/०९/२९) **बाबु :** लक्ष्मण गिरी। **बाजे :** खुमान गिरी। **ठेगाना :** प्युठान जिल्ला तोरवाङ गा.पा./गा.वि.स/न.पा वडा नं.१। **ख. श्रीमती स्वेता गौतम गिरी** (ना.प्र.नं. ५३-१०१६/२९५९३ जिल्ला प्रशासन कार्यालय प्युठान मिति २०६१/१२/३०) **बाबु :** नुतन चन्द्र गौतम। **पति :** केदार गिरी। **ससुरा :** लक्ष्मण गिरी। **ठेगाना :** प्युठान जिल्ला तोरवाङ गा.पा./गा.वि.स/न.पा वडा नं.१।	 	१. ऋणी मध्येकी **स्वेता गौतम गिरी**को नाममा मालपोत कार्यालय चावहिलमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला चुनीखेल न.पा./गा.पा. वडा नं. ३/क स्थित कित्ता नं. ६८१ को क्षेत्रफल १३५.११ वर्ग. मि. को जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तिसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १२५२३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

Invitation for Bid

Ribdikot Rural Municipality
Office Of Rural Municipal Executive
Khasyauli, Palpa
Invitation for Bid for the construction of ward Building
Date of publication : 2020-12-31

Ribdikot Rural Municipality invites electronic bid from eligible bidders for the construction of ward Building under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

1. Eligible Bidders may obtain further information and inspect the bidding documents at the of Office of Rural Municipal Executive ,Khasyauli, Palpa **Email : info@ribdikotmun.gov.np** Phone Number : 075-692307 or may visit e-GP system : **www.bolpatra.gov.np/egp .**
2. Bidding documents is available online and can be downloaded from e-GP system: **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   Name of the Bank : NIC ASIA Bank Harthok, Palpa
   Name of Office : Ribdikot Rural Municipality, Palpa
   Office Code no : 801055009
   Office Account no. : 0902050029116002
3. Pre Bid Meeting shall be held at office of Rural Municipal Executive Khasyauli Palpa at 2021-01-24 13:00 Hrs.
4. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** only on the or before 2021-01-31 12:00 Hrs.
5. Online bids shall be opened in the presence of bidder representative who choose to attend on 2021-01-31 13:00 Hrs. at the office of Rural Municipal Executive, Khasyauli, Palpa. Online bid must be valid security for a period of 90 days counting after the day of bid opening and must be accompanied by bid security , which shall be valid for minimum 30 days beyond the bid validity period .The scan copy of bid security should be uploaded in the e-GP system during bid submission.
6. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit 'Dharauti' Account No. 30300303000003 of Ribdikot Rural Municipality Palpa in Rastriya Banijay Bank, Tansen, Palpa and submit bank deposit voucher along with the bid.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline

S.N.	Contract No.	Name of Project	Estimated amount NRs.(excluding VAT)	Bid Security Amount (NRs)	Fee for bid Document NRs.
1.	RRM/W/NCB-04/077/78	Construction of Ward Building	24,48,115.00	70,000.00	3,000.00

Chief Administrative officer

मैवाखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
साँघु, ताप्लेजुङ

ज्याकेट खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/०९/१६

यस गाउँपालिका, गाउँकार्यपालिकाले आ.ब. २०७७/७८ मा **ज्येष्ठ नागरिक तथा बालवालिकालाई ज्याकेट वितरण कार्यक्रम संचालन गर्ने** भएकाले सो सामान शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक ऐन तथा नियमावली अनुसार योग्यता पुगेका इच्छुक सामग्री उत्पादक तथा विक्रेताहरुबाट निम्न शर्तहरुको अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले १४ औं दिन **(मिति २०७७/०९/२९ गते)** सम्ममा मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय साँघु ताप्लेजुङबाट कार्यालय समय भित्र शिलवन्दि दरभाउपत्र फारम खरिद गरी १५ औं दिन (मिति २०७७/१०/०१ गते) दिनको १२:०० वजे सम्म यस कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	विवरण	बोलपत्रपत्र नं.	कवोल रकम (मु.अ.क.सहित)	धरौटी रकम	दरभाउ दस्तुर
१	ज्येष्ठ नागरिक तथा बालवालिकालाई ज्याकेट	MRM/SHPW/SQ/2077/78/01	रु. २,०००,०००।	रु. ५५,०००।	रु. १०००।

शर्तहरु :

१. दरभाउपत्र खरिद गर्न आधिकारीक फर्म वा कम्पनिको निवेदनका साथ साथै : निम्न कागजातहरु संलग्न गर्नु पर्ने छ ।
(क) वाणिज्य विभागबाट प्राप्त इजाजतपत्रको प्रमाणित प्रतिलिपि **(ख)** मु.अ.क.मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि **(ग)** आ.ब. २०७६/७७ सम्मको कर चुक्तापत्रको प्रमाणित प्रतिलिपि **(घ)** प्रोपाइटर स्वयं उपस्थित हुन नसकेमा नीजको आधिकारि मञ्जुरीनामा र **(ङ)** फर्म वाव्यवसायदर्ता प्रमाण पत्रको प्रतिलिपि (च) मैवाखोला गाउँपालिकाको सनराइज बैंक लिमिटेडमा रहेको **ग १.१ आन्तरिक राजश्व खाता ०७६०४६२१२४७०१००६** मा रु १०००। (रु. एक हजार) फिर्ता नहुने गरि जम्मा गरेको सक्कल भौचर सहित माथि उल्लेखित कागजातहरुको प्रमाणीत प्रतिलिपी १।१ प्रति ।
२. यस कार्यालयको सूचना बमोजिम खरिद भएका शिलवन्दी दरभाउपत्रहरु १५ औ दिन **(२०७७१०।०१)** मा १२:०० बजे सम्म दर्ता गरी सक्नु पर्ने र सो सिलवन्दी दरभाउपत्र मिति २०७७/१०/०१ गते को २:०० बजे यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा नीजको प्रतिनिधि नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
३. रित नपुगेको र म्याद नाघेर प्राप्त हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
४. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्य भोलि पल्ट सोही समयमा हुने छ । दरभाउपत्रदाताले यस मैवाखोला गाउँपालिकाको सनराइज बैंक मा रहेको ग ३.१ स्थानीयतह धरौटी खाता नं.०७६०४६२१२४७०३०१९ मा धरौटी रकम रकम रु. ५५,०००। (अक्षरेपी पचपन्न हजार मात्र) जम्मा गरेको भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिनको (दरभाउ पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधि भएको बैंक जमानतपत्र पेश गर्नु पर्नेछ ।
५. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ ।
६. दरभाउपत्र पेश गर्दा रकम अङक र अक्षर दुवैमा अनिवार्य उल्लेख गर्नु पर्ने छ । अङ्क र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइने छ ।
७. पेश भएका दरभाउपत्र आंशिक, आइटम वाइज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
८. दरभाउपत्रदाताले आफूले दिन चाहेको सामानको उत्पादक कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्टसँग उल्लेख गर्नु पर्नेछ ।
९. दरभाउपत्रमा उल्लेखित ज्याकेटको परिमाण कार्यालयले आवश्यतानुसार थप घट गर्न सक्ने छ, थपघट भएता पनि दरभाउपत्रदाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन ।
१०. दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र साथ आफूले सप्लाई गर्न प्रत्येक सामानको नमुना सिलवन्दी गरि छुट्टै पेश गर्नु पर्नेछ ।
११. दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारिको दस्तखत र कार्यालयको छाप लगाएको फारम मात्र खरिद गर्नु पर्ने छ र सोही फारमको प्रत्येक पानामा दरभाउपत्रदाताले फर्म वा कम्पनीको छाप सहित दस्तखत गरी पेश गर्नु पर्दछ ।
१२. एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन । यदि दाखिला गरेको पाइएमा नीजले पेश गरेको दरभाउपत्र अमान्य हुनेछ ।
१३. दरभाउपत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणीत (ROTARY) भएको हुनु पर्नेछ ।
१४. यसमा उल्लेख हुन छुटे भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ । अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

मैवाखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय